राष्ट्रिय योजना आयोगको माननीय उपाध्यक्ष श्री दीपेन्द्र वहादुर क्षेत्रीज्यूको अध्यक्षतामा मिति २०६९/३/२० गते बसेको बैठकमा भएको छलफल तथा निर्णयहरू

१. राष्ट्रिय योजना आयोगको सचिवालयको लागि आगामी आर्थिक वर्षमा सञ्चालन गर्ने वार्षिक कार्यक्रमहरुको विषयमा छलफल गरियो । छलफलको क्रममा मुलुकले आ.व.२०७०/७१ देखि नयाँ आवधिक योजनामा जानुपर्ने हुँदा आगामी आ.व.को वजेटमा सोको तयारीको सिलसिलामा आवश्यक पर्ने खर्च एवं आयोगले निर्माण गर्न आँटेको नयाँ भवनको लागि समेत आवश्यक पर्ने वजेट व्यवस्था गर्न अर्थ मन्त्रालयलाई अनुरोध गर्ने ।

२. साविक देखि वजेटमा व्यवस्था हुँदै आएको विशेष क्षेत्र विकास कार्यक्रमलाई आगामी वर्षको लागि पनि कम्तिमा वीस करोड रुपैयाँ राष्ट्रिय योजना आयोगको वजेट शीर्षकमा समावेश गरी दिन अर्थ मन्त्रालयलाई अनुरोध गर्ने । उपर्युक्त वजेट रकम खर्च गर्न एक निर्देशिका/कार्यविधि आगामी आ.व.को पहिलो चौमासिकमै तयार गर्ने ।

३. आगामी आ.व.को लागि विभिन्न मन्त्रालयको लागि वजेट सीमा (Ceiling) र वित्तीय स्थिति सम्वन्धमा तुरुन्त अर्थ मन्त्रालयसंग समन्वय गरी अन्तिम रुप दिई वार्षिक विकास कार्यक्रम पुस्तिकाहरु प्रकाशित गर्ने ।